# प्रदेश सरकार
# पर्यटन, वन तथा वातावरण मन्त्रालय
# कोशी प्रदेश, विराटनगर, नेपाल

## सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियामवली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

मितिः २०८१-११-०६



वन क्षेत्रको नक्शा, कोशी प्रदेश



## १. मन्त्रालयको स्वरुप र प्रकृति

पर्यटन, वन तथा वातावरण मन्त्रालय, कोशी प्रदेश, विराटनगरको स्थापना मिति २०७९/१०/०६ गते भएको हो । यस मन्त्रालय मिति २०७४/१०/२९ मा स्थापित उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयबाट मिति २०७८/१०/१६ गते देखि वन, वातावरण तथा भू-संरक्षण मन्त्रालयको रुपमा संचालन भइ पुनः संयोजन भइ स्थापना भएको हो । वि.सं. २०७२ साल असोज ३ गते जारी भएको नेपालको संविधानमा व्यवस्था भए बमोजिम देशलाई संघीय ढाँचामा लगेर पुन:संरचना गर्ने उद्देश्यका साथ ७ वटा प्रदेशहरु स्थापना गरिएको छ । पूर्वी नेपालको १४ जिल्ला समेटिएको यस प्रदेशमा २०७९/१०/०६ गते प्रदेश राजपत्रमा प्रकाशित *प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७९* अनुसार ९ वटा मन्त्रालयहरु स्थापना भएका छन् । यस मन्त्रालयको कार्यक्षेत्रको रुपमा पर्यटन, वन, वन्यजन्तु, वन पैदावर, भू-संरक्षण, जलवायु परिवर्तन, वातावरण र जैविक विविधताका विषयक्षेत्रका ४१ वटा कार्यविवरणहरु रहेका छन् ।  यस मन्त्रालयको मातहतमा प्रदेश वन निर्देशनालय (१ वटा), वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र (१ वटा), डिभिजन वन कार्यालय (१५ वटा), भू तथा जलाधार व्यवस्थापन कार्यालय (२ वटा), पर्यटन विकास आयोजना (१ वटा), जलाधार व्यवस्थापन कार्यक्रम कार्यान्वयन इकाई (१ वटा) र पर्यटन कार्यालय (२ वटा) गरी जम्मा २३ वटा कार्यालयहरु रहेका छन् ।

नेपाल सरकारले पर्यटन प्रवर्द्धन र विकासका लागि पहिचान गरेका प्रमुख १०० वटा गन्तव्यहरु मध्ये नयाँ तथा विकास गरिनुपर्ने २९ गन्तव्यहरु यसै प्रदेशमा रहेका छन । यस प्रदेशमा जम्मा १२,७५,५७८ हेक्टर वन क्षेत्र रहेको छ जुन प्रदेशको कूल क्षेत्रफलको ४८.९६ प्रतिशत हो, जसमध्ये ३६९९ वटा सामुदायिक वन (५८०२०६ हेक्टर), ९८२ कबुलियती वन (४१९२ हेक्टर), ४४ वटा धार्मिक वन (४८२ हेक्टर), ५ वटा साझेदारी वन (१०८३८ हेक्टर) छन् । यसैगरी संरक्षित क्षेत्रको रुपमा सगरमाथा राष्ट्रिय निकुञ्ज र मकालु-बरुण राष्ट्रिय निकुञ्ज, कोशीटप्पु वन्यजन्तु आरक्ष र कन्चनजङ्गा संरक्षण क्षेत्र छन् । संरक्षित क्षेत्र ४,८५८ वर्ग कि.मि. र ३ वटा मध्यवर्ती क्षेत्र १२७८ वर्ग कि.मि.मा फैलिएको छ । यस प्रदेशमा रोजगारीको सृजना, आय आर्जनमा वृद्धि, स्थानीय समुदायको आधारभूत आवश्यकता जस्तैः काठ, दाउरा, घाँसपातका साथै कृषि, पशुपालन, पर्यटन र सिँचाइमा समेत वन तथा जैविक विविधताको उल्लेखनीय भूमिका रहेको छ ।

उल्लेखित सवालहरुको सम्बोधन गर्न मन्त्रालयले वन, वातावरण, जैविक विविधता, पर्यावरण,  पर्यटन प्रवर्द्धन र विकाससँग सम्वन्धित विषयवस्तुको योजना वनाउने, लागू गर्ने र अनुगमन तथा मूल्याङ्कन गर्ने कार्य गर्छ । पर्यटकीय सम्भावनाका क्षेत्रहरुमा लगानी गर्ने, पर्यटन प्रवर्द्धन र विकासका कार्य गर्ने, वातावरणको स्वच्छता कायम गर्न तथा पूर्वाधार निर्माणमा वातावरणीय सन्तुलन कायम गर्नका लागि प्रस्तावित विकास आयोजनाहरुको वातावरणीय अध्ययन प्रतिवेदनहरु पुनरावलोकन गरी स्वीकृति प्रदान गर्ने र सोको अनुगमन तथा मूल्याङ्कन गर्ने कार्य गर्दै आएको छ । यसका साथै वातावरणीय सरसफाईका लागि जनचेतना अभिवृद्धी गर्ने विविध कार्यक्रमहरु संचालन गर्दै आएको छ । त्यसैगरी वृक्षारोपण, बाढी पहिरो नियन्त्रण, गल्छी कटान रोकथाम, पानी मुहान संरक्षण, सडक किनारा संरक्षण लगायत विभिन्न कृयाकलापहरु पनि आफ्नो मातहतका निकायहरुबाट सम्पादन गर्दै आएको छ । यस्तै प्रदेश अन्तर्गतका प्राकृतिक, सांस्कृतिक, धार्मिक तथा ऐतिहासिक सम्पदाहरुको संरक्षण, पुनः निर्माण र व्यवस्थापनका लागि भौतिक पूर्वाधार निर्माण एवम् प्रचार प्रसारका माध्यमबाट पर्यटनको प्रवर्द्धन समेत गर्दै आएको छ ।

# २. सोच, लक्ष्य, उद्देष्य र रणनीति

२.१. <u>मन्त्रालयको दीर्घकालीन सोच</u>

- प्राकृतिक स्रोतहरुको संरक्षण एवं दीगो व्यवस्थापनबाट स्थानीय र प्रादेशिक समृद्धि हासिल गर्दै "समृद्ध नेपाल, सुखी नेपाली" को राष्ट्रिय लक्ष्य पुरा गर्न योगदान पुऱ्याउने।

२.२. <u>मन्त्रालयको लक्ष्य</u>

- दीगो वन व्यवस्थापनद्वारा वन क्षेत्रको उत्पादकत्व र वन पैदावारको उत्पादन वृद्धि गर्नु ।
- जैविक विविधता र स्रोतको संरक्षण लगायत वातावरणीय सेवाबाट प्राप्त हुने लाभ वृद्धि गर्दै न्यायोचित वितरण सुनिश्चत गर्नु ।
- जलवायू परिवर्तनका नकारात्मक प्रभाव न्यूनीकरण तथा अनुकूलन र विपद् जोखिम न्यूनीकरणका उपाय अबलम्बन गर्दै जल, जलस्रोत तथा भूमिको उत्पादकत्व बृद्धि गर्न जलाधार क्षेत्रको एकीकृत संरक्षण र व्यवस्थापन गर्नु।

२.३. <u>मन्त्रालयको कार्यक्षेत्रगत उद्देश्य</u>

क. <u>पर्यटन</u>

१. प्रदेशलाई मुलुकको पर्यावरण अनुकूल प्रमुख पर्यटन गन्तव्यको रुपमा विकास गर्नु।
२. पर्यटकको संख्या, बसाई र क्रय दर वृद्धि गर्नु।
३. पर्यटनलाई स्थानीय अर्थतन्त्र र रोजगारीसँग आबद्ध गर्नु।

ख. <u>वन तथा भूसंरक्षण-</u>

१. दीगो वन व्यवस्थापनद्वारा वन क्षेत्रको उत्पादकत्व र वन पैदावारको उत्पादन वृद्धि गर्नु ।
२जैविक विविधता र स्रोतको संरक्षण लगायत वातावरणीय सेवाबाट प्राप्त हुने लाभ बृद्धि गर्दै . न्यायोचित वितरण सुनिश्चित गर्नु ।
३. जलवायू परिवर्तनका नकारात्मक प्रभाव न्यूनीकरण तथा अनुकूलन र विपद् जोखिम न्यूनीकरणका उपाय अबलम्बन गर्दै जलजलस्रोत तथा भूमिको उत्पादकत्व बृद्धि गर्न जलाधार क्षेत्रको एकीकृत , संरक्षण र व्यवस्थापन गर्नु।

ग. <u>वातावरण तथा जलवायु परिवर्तन</u>

१. हरित विकासको अवधारण अनुरुप मानवीय क्रियाकलाप र विकास प्रक्रियालाई जलवायू परिवर्तन अनुकूलित वनाउनु ।
२ बढ्दो शहरीकरणबाट उत्सर्जित प्रदुषण न्यूनीकरण गराउनु । .
३ दीगो विकासको लक्ष्य हासिल गर्न वातावरण संरक्षण गराउनु । .

२.४. <u>मन्त्रालयको रणनीति</u>

क. <u>पर्यटन</u>

१. पर्यटकीय गन्तव्य र उपजको विकास, विविधिकरण र प्रवर्द्धन गर्ने।
२पर्यटन सेवा सुविधाको व्यवसायीकरण गरी अन्तर्राष्ट्रिय मापदण्ड तथा मान्यता अनुरुप स्तरीकरण गर्ने।.
३पर्यटकीय ब्राण्डिङ गरी विश्वमा प्रदेशको प्रचारप्रसार गर्ने । .
४ पर्यटकीय .सेवा सुविधाको वृद्धि गरी पर्यटनलाई स्थानीय अर्थतन्त्र र रोजगारीसँग आवद्द गर्ने।
५पर्यटकीय विकासमा पछि परेको तर सम्भावना राम्रो भएको क्षेत्रको पहिचान र विकासमा जोड दिने। .
६संस्थागत व्यवस्था ., समन्वय र सहकार्य गर्ने।

ख. <u>वन तथा भूसंरक्षण-</u>

१. विद्यमान वन क्षेत्र कायम राखी वनको घनत्वउत्पादकत्व र उत्पादन वृद्धिको लागि वनको ,
सहभागितामूलक दीगो व्यवस्थापन गर्ने ।

२जैविक विविधता र जलाधारको दिगो व्यवस्थापन र उपयोगमा स्थानीय समुदायको पहुँच वृद्धि गर्ने .
एवं पर्यापर्यटनका आधार क्षेत्रहरुलाई पुनर्स्थापना तथा पुनर्निर्माण गर्ने ।

३ वन पैदावारमा आत्मनिर्भरता हासिल गर्दै यसमा आधारित उद्यमशीलता र रोजगारी वृद्धि गर्ने । .

४दीगो वन व्यवस्थापन र संरक्षण मार्फत वातावरणीय सन्तुलन कायम राखी जलवायू परिवर्तन .
न्यूनीकरणमा टेवा पुऱ्याउने ।

**ग. <u>वातावरण तथा जलवायु परिवर्तन</u>**

१. वातावरण व्यवस्थापनलाई आन्तरिकीकरण गर्दै वातावरण संरक्षण एवं प्रदुषण नियन्त्रणका लागि संस्थागत क्षमता अभिवृद्धि गरी विकास कार्यक्रमको अभिन्न अङ्गका रुपमा सञ्चालन गर्ने ।

२जलवायू परिवर्तनको असर कम गर्न जलवायू अनुकूलन तथा न्यूनीकरणका उपायहरु अबलम्बन गर्ने .
कार्यक्रमहरु संचालनमा ल्याउने ।

३गुणात्मक वनाउन सहयोग गरी जलवायू ,जल तथा मौसमी सेवालाई विश्वसनीय भरपर्दो नियमित .
परिवर्तन तथा प्रकोपले पार्ने असरलाई न्यूनीकरण गर्ने कार्यमा परिचालन गर्ने ।

## ३. मन्त्रालयको कार्यक्षेत्र

१. पर्यटन
२. वन तथा जैविक विविधता
३. वातावरण तथा जलवायु परिवर्तन
४. जलाधार व्यवस्थापन

## ४. मन्त्रालय र  मातहतका कार्यालयको सम्पर्क नम्बरहरु

| सि. नं. | कार्यालयको नाम | कार्यालयको | |
|---|---|---|---|
| | | फोन नम्बर | इमेल ठेगाना |
| १ | पर्यटन, वन तथा वातावरण मन्त्रालय | ०२१-४६०२२४ | moitfepradesh1@gmail.com |
| २ | वन निर्देशनालय, धरान | ०२५-५२७००० | pradesh1forest@yahoo.com |
| ३ | जलाधार व्यवस्थापन कार्यक्रम कार्यान्वयन इकाई, विराटनगर | ९८५५०२११२९ | |
| ४ | वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, तरहरा | ०२१-४६०९६३ | rftcbiratnagar@gmail.com |
| १ | डिभिजन वन कार्यालय, ताप्लेजुङ्ग | ०२४-४६०११७ | dfotaplejung024@gmail.com |
| २ | डिभिजन वन कार्यालय, पाँचथर | ०२४-५२०११७ | dfopanchthar2016@gmail.com |
| ३ | डिभिजन वन कार्यालय, इलाम | ०२७-५२००२७ | dfoilam@gmail.com |
| ४ | डिभिजन वन कार्यालय, झापा | ०२३-४५५०५३ | dfojhapa@gmail.com |
| ५ | डिभिजन वन कार्यालय, मोरङ्ग | ०२१-४६०४०४ | dfomorang@gmail.com |
| ६ | डिभिजन वन कार्यालय, सुनसरी | ०२५-५६०१७८ | sunsaridfo@gmail.com |
| ७ | डिभिजन वन कार्यालय, धनकुटा | ०२६-५२०२२९ | dhankutadfo@gmail.com |
| ८ | डिभिजन वन कार्यालय, तेह्रथुम | ०२६-४६०४०८ | ttmdfo@gmail.com |
| ९ | डिभिजन वन कार्यालय, भोजपुर | ०२९-४२०१३४ | dfobhojpur134@gmail.com |
| १० | डिभिजन वन कार्यालय, संखुवासभा | ०२९-५६०१३५ | dfosankhuwasabha@gmail.com |
| ११ | डिभिजन वन कार्यालय, सोलुखुम्बु | ०३८-५२०१३४ | dfosolukhumbu@gmail.com |
| १२ | डिभिजन वन कार्यालय, ओखलढुङ्गा | ०३७-५२०१३४ | dfookhaldhunga@gmail.com |
| १३ | डिभिजन वन कार्यालय, खोटाङ्ग | ०३६-४२०१३४ | dfokhotang123@gmail.com |
| १४ | डिभिजन वन का., (गाईघाट) उदयपुर | ०३५-४२०१३४ | dfogaighat@gmail.com |
| १५ | डिभिजन वन का., (त्रिवेणी) उदयपुर | ०३५-४५०५६१ | dfotriveniuday@gmail.com |
| १ | भु तथा जलाधार व्यवस्थापन कार्यालय धनकुटा | ०२६-५२०१२९ | swmo.dhankuta@gmail.com |
| २ | भु तथा  जलाधार व्यवस्थापन कार्यालय ओखलढुंगा | ०३७-५२०११४ | swmookhaldhunga@gmail.com |
| १ | पर्यटन विकास आयोजना, विराटनगर | ९८४७१०७०५४ | |
| २ | पर्यटन कार्यालय, काँकडभिट्टा | ०२३-५६६०३५ | **tourismoffice.kvt@gmail.com,** tourism.kakadvitta@gmail.com |
| ३ | पर्यटन कार्यालय, धरान | | tourismdharan@gmail.com |

## ५. मन्त्रालयको कार्य जिम्मेवारी

नेपालको संविधान २०७२ को धारा १७४ को उपधारा वमोजिम यस प्रदेशको प्रदेश मन्त्रिपरिषद्ले स्वीकृत (१) गरेको *प्रदेश सरकार नियमावली (कार्य विभाजन), २०७९* को नियम ४ अनुसूची को बुदा नं २—. ८ मा यस मन्त्रालयबाट सम्पादन हुने ४१ वटा कार्यहरु तोकिएको छ । यस पर्यटन, वन तथा वातावरण मन्त्रालयका कार्यजिम्मेवारी निम्नानुसार रहेका छन् ।

१. प्रादेशिक पर्यटन विकासको नीति, कानून, मापदण्ड र योजना निर्माण, पूर्वाधार विकास, प्रवर्द्धन र नियमन,
२. पर्यटन पूर्वाधारको विकास र प्रवर्द्धन,
३. पर्यटकीय होटल, मोटल, रिसोर्ट, लज, ट्राभल तथा ट्रेकिङ्ग एजेन्सी, गाईड, ऱ्याफ्टिङ्ग, क्यानोइङ्ग आदिको दर्ता, अनुमति, नवीकरण र नियमन,
४. ग्रामिण पर्यटन, पर्या-पर्याटन, सम्मेलन पर्यटन, धार्मिक पर्याटन इत्यादि सम्वन्धी,
५. संघीय कानून बमोजिम क्यासिनो दर्ता, अनुमति र नियमन सम्वन्धी,
६. संघ र प्रदेशको सम्वन्धित मन्त्रालययसँगको समन्वयमा पर्यटकीय प्रहरी व्यवस्थापन
७. प्रदेशस्तरमा पर्यटन प्रवर्द्धनका लागि सङ्ग्राहलय, अभिलेखालय सम्वन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,
८. पर्यटकीय महत्वका विश्वसम्पदा सूचीमा परेका सम्पदा, प्राचीन स्मारक एवं स्थल र दरवारहरुको संरक्षण, सम्भार, उत्खनन् तथा पुनर्निर्माण तथा व्यवस्थापन सम्वन्धी विषय
९. महत्वपूर्ण पर्यटकीय स्थलहरुको अध्ययन तथा अनुसन्धान,
१०. पर्यटकीय गन्तव्य स्थलको पहिचान र प्रवर्द्धन,
११. होमस्टे सम्वन्धी नीति, कानून र मापदण्ड तर्जुमा, कार्यान्वयन र सो सम्वन्धी पूर्वाधार निर्माण,
१२. साहसिक पर्यटन पूर्वाधार निर्माण र प्रवर्द्धन,
१३. पर्यटन विकास र प्रवर्द्धनका लागि विविधतायुक्त मौलिक कला संस्कृति र ग्रामीण पर्यटनबीचको अन्तरआवद्धता, संयोजन समन्वय, योजना निर्माण तथा र्यान्वयन,
१४. पर्यटकीय पदमार्ग र पर्यटकीय एडभेन्चर क्रियालापहरु सम्वन्धी,
१५. प्रदेशस्तरमा वन क्षेत्रको नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन
१६. वन्यजन्तु र वन पैदावार ओसारपसार सम्वन्धी नियमन र अपराध नियन्त्रण
१७. वन, वनस्पति, वन्यजन्तु र जैविक विविधता सम्बन्धी प्रादेशिक सङग्रहालय व्यवस्थापन
१८. प्रदेशस्तरमा संरक्षण क्षेत्र र चरन क्षेत्रको व्यवस्थापन
१९. चिडियाखानाको व्यवस्थापन
२०. जडिबुटी खेती प्रविधि प्रर्वद्धन, विस्तार तथा बजारीकरण सम्बन्धी नीति तथा कानून तर्जुमा, तथा कार्यान्वयन र नियमन, अध्ययन अनुसन्धान तथा तथ्यांक संकलन
२१. वन तथा वातावरण सम्बन्धी बिषयमा प्राविधिक सूचना तथा सेवा प्रवाह
२२. वन अतिक्रमण तथा वन डढेलो नियन्त्रण तथा रोकथाम सम्वन्धी नीति, समन्वय र सहयोग
२३. प्रदेशस्तरका वनस्पति उद्यान तथा हर्वेरीयमहरुको व्यवस्थापन र वनस्पति पहिचान तथा अभिलेखीकरण सम्वन्धी नीति र व्यवस्थापन
२४. प्रदेशस्तरमा जैविक विविधताको अध्ययन, अनुसन्धान, व्यवस्थपन, नियमन, संरक्षण एवम् लाभांश बाँडफाँड
२५. प्रदेशस्तरमा जलाधार संरक्षण तथा जलउपयोग नीति, प्रविधि विकास, व्यवस्थापन
२६. प्रदेशभित्र भू तथा जलाधार संरक्षण
२७. वातावरण संरक्षण तथा स्वच्छता सम्बन्धी प्रविधि विकास र व्यवस्थापन
२८. वातावरण तथा जलवायु परिवर्तन सम्वन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन र नियमन
२९. वातावरणीय सूचना प्रणालीको स्थापना

३०. वातावरणीय जोखिमका लागि तयारी तथा उद्धार
३१. वातावरणीय प्रयोगशालाको स्थापना, सञ्चालन र व्यवस्थापन
३२. प्रदेशस्तरमा ठोस, वायु, तरल, जल, ध्वनी तथा बिद्युतीय लगायत प्रदूषणको मापदण्ड निर्धारण, कार्यान्वयन, अनुगमन र नियन्त्रण
३३. न्यून कार्वनमुखी तथा वातावरणमैत्री विकास प्रक्रिया र हरित क्षेत्र प्रवर्द्धन
३४. वन संरक्षण क्षेत्र तथा प्राकृतिक सम्पदाको पहिचान, संरक्षण, सम्वर्द्धन र व्यवस्थापकीय पद्धति निर्धारण
३५. वातावरणीय क्षेत्रको अध्ययन, अनुसन्धान, क्षमता अभिबृद्धि, वातावरणीय सुशासन तथा परीक्षण
३६. भूपरिधि क्षेत्र तथा वन क्षेत्रको पहिचान, बर्गीकरण, संरक्षण र व्यवस्थापन
३७. नदी उकास, नहर तथा सडक किनारामा वृक्षारोपण, व्यवस्थापन
३८. वृक्षारोपणको लागि दिगो तथा गुणस्तरीय बीउ उत्पादन, बीउ बगैंचा स्थापना र व्यवस्थापन
३९. प्रदेशभित्र वृक्षारोपण तथा सम्भार सम्वन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन
४०. प्रदेशभित्र जडिबुटि तथा अन्य गैरकाष्ठ वन पैदावार सम्बन्धी व्यवस्थापन
४१. वन्यजन्तु र चराचुरुङ्गी सम्वन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन

## ६. मन्त्रालयको संगठन संरचना तथा कर्मचारी विवरण




(कर्मचारी विवरण अनुसूचीमा राखिएको छ।)

## ७. कार्यालय प्रमुख, प्रवक्ता, सुचना अधिकारी, गुनासो सुन्ने अधिकारीको नाम र पद



मा. सदानन्द मण्डल
पर्यटन, वन तथा वातावरण मन्त्री



विशाल घिमिरे
सचिव



ध्रुव कुमार भण्डारी
प्रवक्ता
9845438263

## ८. क्षेत्रगत नीति, ऐन, नियम, निर्देशिका, कार्यविधि तथा मापदण्डहरु

| | |
|---|---|
| | **संघीय नीतिरणनीति तथा कार्ययोजना ,** |
| १. | जडिवुटी एवं गैरकाष्ठ पैदावार विकास नीति२०६१ , |
| २. | सिमसार नीति२०६९ , |
| ३. | राष्ट्रिय वन नीति२०७५ , |
| ४. | राष्ट्रिय वातावरण नीति२०७६ , |
| ५. | राष्ट्रिय जलवायू परिवर्तन नीति२०७६ , |
| ६. | राष्ट्रिय कृषि२०७६ ,वन नीति- |
| ७. | वन अनुसन्धान रणनीति२०७३ , |
| ८. | Forestry Sector Strategy(२०२५-२०१६) |
| ९. | National Ramsar Strategy and Action Plan, Nepal (२०२४-२०१८) |
| १०. | जलवायू परिवर्तन सम्वन्धी लैङ्गिक तथा सामाजिक समावेशीकरण रणनीति तथा कार्ययोजना (२०८७-२०७७) |
| ११. | Chronology of National Agroforestry Policy Development (२०७६-२०७१) |
| १२. | Nepal Biodiversity Strategy, NBSAP |
| १३. | पर्यटन नीति२०६५ , |
| | **ऐननियम ,** |
| १४. | वन ऐन२०७६ , |
| १५. | वन नियमावली२०७९ , |
| १६. | पर्यटन ऐन२०३५ , |
| १७. | होटेल, लज, रेष्टुँरा तथा रिजर्ट, बार तथा पथ प्रदर्शक नियमावली, २०३८ |
| १८. | ट्राभल तथा टेकिङ्ग एजेन्सी नियमावली, २०६२ |
| १९. | वातावरण संरक्षण ऐन२०७६ , |
| २०. | वातावरण संरक्षण नियमावली२०७७ , |
| २१. | पर्यटन विकास ऐन२०७६ , |
| २२. | पर्यटन विकास नियमावली२०७७ , |
| २३. | कोशी प्रदेश वन ऐन२०७७ , |
| २४. | कोशी प्रदेश वन नियमावली२०८० , |
| २५. | कोशी प्रदेश वातावरण संरक्षण ऐन२०७६ , |
| २६. | कोशी प्रदेश वातावरण संरक्षण नियमावली२०७७ , |
| २७. | सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण ऐन २०७३ , |
| २८. | सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण नियमावली२०७६ , |
| २९. | नेपाल वन निगम लिमिटेड नियमावली२०७६ , |
| | **निर्देशिकामापदण्ड ,मार्गदर्शन ,कार्यनीति ,कार्यविधि ,** |
| ३०. | संरक्षित क्षेत्रभित्र भौतिक पूर्वाधारहरु निर्माण एवं सञ्चालन सम्वन्धी कार्यनीति२०६५ , |
| ३१. | सामुदायिक वन विकास कार्यक्रमको मार्गदर्शन२०६५ , |
| ३२. | वन क्षेत्रको जग्गा अन्य प्रयोजनको लागि उपलब्ध गराउने सम्वन्धी कार्यविधि२०६३ , |
| ३३. | सुनाखरी संकलन तथा खेती विकास २०६९ ,निर्देशिका (कार्यविधि) |

| | |
|---|---|
| ३४. | जिल्ला वन पैदावार आपूर्ति समितिको कार्यविधि निर्देशिका२०६३ , |
| ३५. | वन विकास कोष स्थापना तथा संचालन कार्यविधि निर्देशिका२०६४ , |
| ३६. | खोटो संकलन (कार्यविधि)निर्देशिका२०६४ , |
| ३७. | सामुदायिक वनको निर्देशिका२०५२ , |
| ३८. | काठ दाउरा संकलनढुवानी एवं घाटगद्दि व्यवस्थापन सम्वन्धी कोष संचालन ,कटान , २०६३ ,विनियमावली |
| ३९. | व्यवसायिक उद्देश्यका लागि कवुलियती वन उपलब्ध गराउने कार्यविधि२०६८ , |
| ४०. | वन पैदावार वर्गीकरण मापदण्ड२०६८ , |
| ४१. | विदेशबाट काठ आयात गर्दा अपनाउनुपर्ने मापदण्ड२०७३ , |
| ४२. | कृषि वन कार्यक्रम कार्यान्वयन कार्यविधि२०७३ , |
| ४३. | वन्यजन्तुबाट हुने क्षति राहत सहयोग निर्देशिका२०६९ , |
| ४४. | राष्ट्रिय प्राथमिकता प्राप्त योजनाको लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्ने सम्वन्धी मापदण्ड सहितको कार्यविधि२०७६ , |
| ४५. | Climate Smart Village Procedure, २०७३ |
| ४६. | वन पैदावार संकलन तथा विक्री वितरण निर्देशिका२०७३ , |
| ४७. | वन्यजन्तुमैत्री पूर्वाधार निर्माण निर्देशिका२०७८ , |
| ४८. | होमस्टे सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७७ |

## ९. मन्त्रालयको आधिकारिक वेभसाइट, इमेल र ठेगाना

यस मन्त्रालयको आधिकारिक वेभसाइट website: https://motfe.koshi.gov.np र

इमेलः moitfepradesh1@gmail.com रहेको छ ।

**सम्पर्क विवरण**

**पर्यटन, वन तथा वातावरण मन्त्रालय**

विराटनगर-३, पोखरिया, गोधुली मार्ग, मोरङ, कोशी प्रदेश, नेपाल

फोन नं. ०२१-४६०२२४

**Google location** (indicated by red circle)



## १०. आ.व. २०८१/०८२ को अर्धबार्षिक सम्पादित मुख्य कृयाकलापहरू

- मिति २०८१ असोज ११ गतेका दिन विश्व पर्यटन दिवस २०२४ को अवसरमा आयोजित पर्यटन दिवस समारोह कार्यक्रम विराटनगरमा माननीय मुख्यमन्त्री हिक्मत कुमार कार्कीज्यूको प्रमुख आतिथ्यतामा सम्पन्न भएको ।
- कोशी प्रदेश पर्यटन वर्ष ,२०८२ लागि प्रयोगमा ल्याइने प्रतिक चिन्ह (लोगो, मस्कट र नारा) को लागि मिति २०८१/०९/०५ गतेको पत्रिकामा सार्वजनिक सुचना प्रकाशन गरिएको र प्राप्त भएका प्रतिक चिन्ह मुल्याङकन तथा छनौट प्रकृयामा रहेको ।
- कोशी प्रदेश पर्यटन वर्ष २०८२ को घोषणा भई तयारीका कार्यक्रमहरु तिव्र रुपमा संचालन भएरहेको ।
- पर्यटन वर्ष २०८२ को प्रचार प्रचार तथा सफल कार्यान्वयनका लागि विभिन्न सरकारी, अर्धसरकारी, सहकारी, निजी क्षेत्र, संचारमाध्यमहरुसंग समन्वय तथा सहकार्य हुदै गरेको ।
- संघीय पर्यटन मन्त्रीज्यू र संघीय वन मन्त्रीज्यूसंग समन्वयात्मक छलफल तथा भेटघाट सम्पन्न
- २०८१ असोज ११ गते ४५औं विश्व पर्यटन दिवसका दिन कोशी प्रदेशका माननीय मुख्यमन्त्रीज्यूबाट एक भव्य समारोहकाबीच “कोशी प्रदेश पर्यटन वर्ष , २०८२" को घोषणा कार्यक्रम सम्पन्न जसमा रु. ८,७२,८५०।— खर्च भएको ।
- कोशी प्रदेश पर्यटन वर्ष, २०८२ सञ्चालन तथा व्यवस्थापन कार्यविधि मिति २०८१/०७/२१ को मन्त्रिपरिषद बैठकबाट स्वीकृत भएको ।
- कोशी प्रदेश पर्यटन वर्ष संचालन तथा व्यवस्थापन कार्यविधि २०८१ मा भएको व्यवस्था बमोजिम सचिवालय स्थापना गरिएको
- कोशी प्रदेश पर्यटन वर्ष २०८२ को सन्दर्भमा आन्तरिक मामिला तथा कानून मन्त्रालय र पर्यटन, वन तथा वातावरण मन्त्रालय ,कोशी प्रदेशको संयुक्त आयोजनामा विदेशी मुलुकबाट सवारी साधन लिई आउने पर्यटकहरुको प्रवेश नाकामा चेकजाँच गरी स्टिकर टाँस गरिसकेपछि अन्य स्थानमा अत्याबश्यक बाहेक सुरक्षा चेकजाँच र अन्य कुनै प्रकारको अवरोध नहोस भन्ने विषय लयायत पर्यटनसंग सम्वन्धित अन्य विविध विषयमा स्थानीय सरकार, सुरक्षा निकाय, स्थानीय प्रशासन, पर्यटन व्यवसायी एवं सरोकारवालाहरुसंग मिति २०८१ कार्तिक ८ गतेका दिन कोशी प्रदेशका माननीय मुख्यमन्त्रीज्यूको प्रमुख आतिथ्यतामा समन्वय तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न । त्यसका लागि आन्तरीक मामिला तथा कानुन मन्त्रालयबाट आवश्यक समन्वयका लागि संघीय गृह मन्त्रालयमा अनुरोध गरिएको ।
- यस वर्ष विवाह पञ्चमीको अवसरमा २०८१/०८/२० गते जनकपुरमा आयोजित कार्यक्रमा बरियाती आएका भारतीय विशिष्ट पाहुनाहरुलाई यस मन्त्रालयका माननीय मन्त्रीज्यूको संयोजकत्वमा गएको प्रतिनिधि मण्डलले मधेश प्रदेशका माननीय मुख्यमन्त्रीज्यू समेतको उपस्थितिमा भेटघाट गरी कोशी प्रदेश पर्यटन वर्ष,२०८२ सन्दर्भमा जानकारी गराएको र भ्रमणको लागि आधिकारिक निम्ता गरिएको।
- कोशी प्रदेश पर्यटन वर्ष,२०८२ सम्पन्न गर्नको लागी गरिने कृयाकलापहरुको छनौट भई निर्देशक समितिबाट निर्णय भइ कृयाकलाप बाडफाँडका लागि मन्त्रिपरिषद्मा प्रस्ताव पेश गरिएको
- मूल आयोजक समितिको बैठक सम्पन्न मिति २०८१/१०/१० कोशीटप्पु
- मिति २०८१/११/०९ मा कोशी भ्रमण बर्ष, २०८२ को निर्देशक समितिको सदस्य मनोनयन गरी पुर्णता प्रदान गरिएको ।

- प्रदेशका विशिष्ट धार्मिक व्यक्तित्वहरुलाई वहाँहरुले संचालन गर्ने धार्मिक अनुष्ठानमा कोशी प्रदेश पर्यटन वर्ष २०८२ को प्रचार प्रसारको लागी अनुरोध तथा समन्वय ।
- नेपाल टेलिभिजन, नेपाल पर्यटन बोर्ड र सरोकारवाला संस्थाहरुसंग कोशी प्रदेश भ्रमण बर्ष, २०८२ सहकार्य तथा समन्वय
- पर्यटन व्यवसायीहरु एवम् निजीक्षेत्रका प्रतिनिधीहरुबाट भारतको सिलिगुरी, कलकत्ता, पूर्णियामा कोशी प्रदेश पर्यटन वर्ष,२०८२ को प्रवर्धनात्मक कार्यक्रम सहित सहभागिता।

| प्रदेश सरकार | | | | |
|---|---|---|---|---|
| पर्यटन, वन तथा वातावरण मन्त्रालय | | | | |
| कोशी प्रदेश, विराटनगर | | | | |
| | | | | |
| आ.व. २०८१/०८२ को माघ महिना सम्मको वित्तीय प्रगति विवरण | | | | |
| | | | | |
| **क्र.सं.** | **विवरण** | **बजेट (रु.)** | **माघ महिनासम्मको खर्च** | **खर्च प्रचिशत** |
| १ | पुजीगत खर्च | १७६००००.०० | १३३९८६६.०० | ७.६१ |
| २ | चालू खर्च | ९१७५००००.०० | २६५७६४६८.०० | २८.९७ |
| | | १०,९३,५०,०००.०० | २,७९,१६,३३४.०० | २५.५३ |